कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट मिति २०८२/०६/३१ गते काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरूको उत्पादन तथा बिक्री वितरण हुने स्थलहरूमा चाडपर्व लक्षित निरीक्षण तथा अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | श्री देवमन स्वीट्स, ललितपुर म. न. पा. -५, लगनखेल | • सरसफाइ सामान्य रहेको<br>• मिठाई बनाउने कक्ष खुला रहेको<br>• Pest control को व्यवस्था नभएको<br>• पकाउँने र भाँडा माझ्ने ठाउँ संगै रहेको<br>• खाद्य वस्तुहरू वनस्पति घ्यू (Vaneshpati Ghee) मा फ्राईङ गर्ने गरेको<br>• वनस्पति घ्यूको सर्भिलेन्स नमुना लिईएको। | • कैफियतमा भएको Pest control को व्यवस्था गर्ने, पकाउँने र भाँडा माझ्ने ठाउँ छुट्टछुट्टै बनाउने निर्देशन दिएको।<br>• खाद्य रंगको उचित प्रयोग (Standard Operating procedure, SOP बनाई गर्ने निर्देशन दिएको।<br>• खाद्य स्वच्छता कायम गर्ने र कैफियतमा भएको विवरणहरू सुधार गरी सात (७) दिन भित्र विभागमा प्रमाण सहित उपस्थित हुने निर्देशन दिएको। |
| २. | अनुपम स्वीट एण्ड फास्ट फुड, ललितपुर म. न. पा. -५, लगनखेल | • सरसफाइ सन्तोषजनक रहेको<br>• तेलको TPM परीक्षण गर्दा १३.० पाइएको<br>• प्रिन्टेड कागजबाट बनेको ब्याग १०० पिस पाइयो । | • खाद्य रंगको उचित प्रयोग गर्न SOP बनाई प्रयोग गर्ने, प्रिन्टेड कागजको प्रयोग नगर्ने र खाद्य स्वच्छता कायम गरी व्यवसाय संचालन गर्ने निर्देशन दिएको। |
| ३. | न्यू जनकपुर स्वीट एण्ड फास्ट फुड, ललितपुर मा.न.पा-१९, लगनखेल | • सरसफाइ सामान्य रहेको<br>• ब्याटर (dough) मा खाद्य रंग प्रयोग गरी बनेको जेरी करिब ५ के.जी. पाइयो<br>• तयारी खाद्य पदार्थ प्याक गर्न पत्रिकाबाट बनेको ब्याग (envelop) करिब २ के.जी. पाइयो<br>• मोतिचुर लड्डुको सर्भिलेन्स नमुना संकलन गरिएको। | • खाद्य रंग प्रयोग गरी बनाइएको करिब ५ के.जी. जेरी तथा पत्रिकाबाट बनेको ब्याग (envelop) करिब २ के.जी. नष्ट गरिएको।<br>• खाद्य रंगको प्रयोग पकाउने, तार्ने, पोल्ने खाद्य वस्तुमा प्रयोग नगर्ने तथा मसिजन्य पत्रिकाको प्रयोग पूर्ण रुपमा बन्द गर्ने निर्देशन दिएको। |
| ४. | श्री वाल गणेश मिठाई पसल, कागेश्वरी मनोहरा — ५, थली, काठमाडौं | • पत्रिका (मसिजन्य कागज) लाई खाद्यवस्तु छोप्न तथा प्याकिङ्ग गर्न प्रयोग गरेको<br>• सरसफाइ सन्तोषजनक नपाइएको<br>• Pest control को प्रभावकारी व्यवस्था नभएको<br>• फ्रिजको अव्यवस्थित प्रयोग | • कैफियतमा भएको विवरणहरू सुधार गर्ने<br>• TPM Value २६.० पाइएको करिब ५ लिटर तेल नष्ट गरिएको<br>• मसिजन्य कागजको प्रयोग खाद्य वस्तुको प्रत्यक्ष सम्पर्कमा हुने किसिमले नगर्ने<br>• सरसफाईमा ध्यान दिने |

| | | | |
|---|---|---|---|
| | | • एक थान खुवाको मिठाईको नमुना संकलन गरी मोबाइल खाद्य प्रयोगशालामा भ्यानमा starch परीक्षण गर्दा starch को उपस्थिति नेगेटिभ पाईयो<br>• तेलको TPM Value परीक्षण गर्दा २६.० पाइएको। | • पकाएका खाद्य वस्तु छोपेर मात्र राख्ने। |
| ५. | श्री शिव फुड्स प्रा. लि. चावहिल शाखा (टुसाल, बौद्ध) आगन | • सरसफाइ सामान्य पाइएको<br>• Pest control को व्यवस्था सन्तोषजनक नपाइएको<br>• एक थान घ्यू र दुई थान मिठाइको नमुना संकलन गरिएको। | • खाद्य स्वच्छता कायम गर्ने निर्देशन दिएको<br>• Pest control को व्यवस्था थप प्रभावकारी बनाउँने। |
| ६. | श्री मनकामना नास्ता पसल, काठमाडौं -०८, गौशाला | • सरसफाइ सन्तोषजनक नपाइएको<br>• Pest control को व्यवस्था सन्तोषजनक नपाइएको<br>• रंगको अव्यावस्थित प्रयोग पाइयो<br>• व्यक्तिगत सरसफाइको कमी<br>• तेलको TPM Value परीक्षण गर्दा २६.५ पाइएको<br>• एक थान खुवाको मिठाईको नमुना संकलन गरी मोबाइल खाद्य प्रयोगशालामा भ्यानमा starch परीक्षण गर्दा starch अनुकूल पाईयो। | • TPM Value २६.५ पाइएको करिब ३ लिटर तेल नष्ठ गरिएको<br>• खाद्य स्वच्छता कायम गरी देखिएका कैफियत सुधार गर्ने निर्देशन दिएको। |
| **अनुगमन गरिएको व्यवसायको कुल संख्याः ६ वटा होटल/रेष्टुरेन्ट** | | | |

डा. बाल कुमारी शर्मा
प्रवक्ता
२०८२/०६/३१